# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०३ अंक - २९, २०८२ फाल्गुण


**महासंघको परिचय:**

राष्ट्रिय बहिरा महासंघ नेपाल सुनाइ सम्बन्धी अपाङ्गता भएका बहिरा व्यक्तिहरुको हकअधिकार, विकास, संजालीकरण तथा प्रतिनिधित्वका लागि गठित राष्ट्रिय स्तरको छाता सँगठन हो । सन् १९९५ मा ८ जिल्ला बहिरा संघहरुको पहलकदमीमा स्थापना भएको यस महासंघमा हालसम्म ५४ जिल्ला बहिरा संघहरु आबद्ध रहेका छन् । देशको संघीय संरचना अनुसार महासंघ अन्तर्गत ७ वटै प्रदेश समितिहरु गठन भै क्रियाशिल रहेका छन् । जिल्ला प्रशासन कार्यालय काठमाडौँ र समाज कल्याण परिषदमा दर्ता भएको एक गैरसरकारी, गैरराजनीतिक, गैरनाफामुखी सामाजिक संस्था हो । सन् १९९६ मा अन्तर्राष्ट्रिय मानव अधिकार सँगठन, विश्व बहिरा महासंघ (WFD) र क्षेत्रीय सचिवालय (WFD RS A/P) सँग आबद्ध रहेको छ ।

महासंघले बहिरा व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न कानूनी प्रावधानहरूका लागि वकालत गर्दै आएको छ । नेपाली साङ्केतिक भाषाको विकास, विभिन्न सामग्री निर्माण, तालिम सञ्चालन तथा प्रचार-प्रसार, जिल्ला बहिरा संघहरुको स्थापना तथा क्षमता विकास, साङ्केतिक भाषाका दोभाषे उत्पादन तथा बहिरा व्यक्तिहरूको लागि दोभाषे सेवा, जनचेतना कार्यक्रम सञ्चालन गर्दै आएको छ । महासंघले बहिरा बालबालिकाहरुको गुणस्तरीय शिक्षा, संचार, श्रवणदृष्टि विहीन बालबालिकाको पहिचान, श्रोत केन्द्रको स्थापना गरी शैक्षिक विकास, शिक्षक तालिम, स्वास्थ्य सेवामा पहुँच, बहिरा नागरिकहरुलाई रोजगार तालिम तथा अधिकारको वकालत, न्यायमा पहुँच, प्राकृतिक प्रकोपबाट सुरक्षा लगायत समाजमा समानता र भेदभावरहित वातावरण निर्माण, बहिरा संस्कृतिको प्रवर्धन लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

थप अपडेटको लागी वेवसाइट, फेसबुक, ट्वीटर र युटुब हेर्दै गर्नुहोला ।

## हाम्रो सम्पर्क:


**राष्ट्रिय बहिरा महासंघ नेपाल (National Federation of the Deaf-Nepal)**

पो.ब.नं. ११३३८,काठमाडौँ, नेपाल, फोन/फ्याक्स ९७७-१-४४३५५१४, ९८५११४४८०१ (SMS),

इमेल: info@deafnepal.org.np, admin@deafnepal.org.np

वेबसाइट : www.deafnepal.org.np

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०३ अंक - २९, २०८२ फाल्गुण


## यस अंक भित्र:

**विषय-सूची** | **पेज**


१. मतदाता शिक्षा कार्यक्रम सम्पन्न - २

२. समावेशी शिक्षा र शिक्षण रणनीति सम्बन्धी एडभान्स शिक्षक तालिम सम्पन्न - ३

३. समाज कल्याण परिषदबाट समावेशी शिक्षा परियोजनाको मुल्यांकन सम्पन्न - ४

४. विभिन्न विषयमा जानकारीमुलक भिडियो निर्माण - ५


**विविध**


५. मेची बहिरा संघको अधिवेशन सम्पन्न - ५


### १. मतदाता शिक्षा कार्यक्रम सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपालले "प्रतिनिधि सभा सदस्य निर्वाचन-२०८२" लाई लक्षित गरी सुनाइ सम्बन्धी अपाङ्गता भएका (बहिरा) नागरिकहरूका लागि महिला, कानून र विकास मञ्च (FWLD) को सहयोगमा मिति २०८२ फागुन १६ गते काठमाडौँमा मतदाता शिक्षा कार्यक्रम सम्पन्न गरेको छ । दुइ चरणमा सम्पन्न कार्यक्रममा ३९ जना महिला, ६५ जना पुरुष र २ जना यौनिक तथा लैंगिक अल्पसंख्यक बहिरा नागरिकहरू गरी १०६ जनाको सहभागीता रहेको मतदाता शिक्षा कार्यक्रममा



*सहभागीहरूले मतदान विधि अभ्यास गर्दै*



*मतदाता शिक्षा तालिममा सामुहिक सहभागीहरु*

सहभागीहरूलाई मतदानको महत्व, मतदाताको अधिकार, मतदान प्रक्रिया तथा बदर नगरी मतदान गर्ने बिधिबारे अभिमुखीकरण गरिएको थियो । नमुना मतदानमा अभ्यास गरेर सहभागीहरुले सहि ढंगले मतदान गर्ने सिक्ने अवसर प्राप्त गरेका थिए ।

राष्ट्रिय बहिरा महासंघका अध्यक्ष सन्तोष केसीले अभिमुखीकरण गर्नुभएको कार्यक्रमका

सहभागीहरुले मतदान प्रक्रियाबारे स्पष्ट बुझाई बिकास भएको, सचेतना बढाएको एवं आगामी निर्वाचनमा सहि ढंगले मतदान गर्ने आत्मविश्वास बढेको बताएका थिए।

- मध्यान्ह समाचारबाट साभार गरिएको समाचार यहाँ हेर्नुहोस्।
- चरण १ : मतदाता शिक्षा तालिम सम्पन्न भिडियो यहाँ हेर्नुहोस्।
- चरण २ : मतदाता शिक्षा तालिम सम्पन्न भिडियो यहाँ हेर्नुहोस्।

## २. समावेशी शिक्षा र शिक्षण रणनीति सम्बन्धी एडभान्स शिक्षक तालिम सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपालको आयोजनामा "शिक्षामा सबै सँगै: श्रवणदृष्टि विहीन बालबालिकाहरूका लागि अवरोधहरू हटाउँदै" परियोजना अन्तर्गत 'डेफ प्लस' (श्रवणदृष्टि विहीनता र अन्य जटिल अवस्था भएका बहिरा व्यक्ति) विद्यार्थीहरूको आवश्यकतालाई सम्बोधन गर्नका लागि श्री अमरसिंह माध्यमिक विद्यालय र श्री सिर्जना सृजना बहिरा आवासिय माध्यमिक विद्यालयका शिक्षकहरुको शिक्षण क्षमता अभिबृद्धी गर्न दुई दिने एडभान्स शिक्षक तालिम (Advanced Teacher Training) सम्पन्न भएको थियो। मिति २०८२ फाल्गुण ८ र ९ गते पोखरामा आयोजित तालिममा श्री अमरसिंह माध्यमिक विद्यालय र श्री सिर्जना सृजना बहिरा आवासिय माध्यमिक विद्यालयका १२ पुरुष, १६ महिला गरि २८ जना शिक्षकहरूलाई सिकाइको सर्वव्यपी ढाँचा (UDL), बहु-इन्द्रिय शिक्षण सामग्री विकास र समावेशि शिक्षाको गहनताका बारेमा प्रशिक्षण दिइएको थियो।



*तालिममा सहभागीहरु*



*समुह कार्यमा छलफल गर्दै*

तालिममा प्रा. डा. बासुदेव काफ्ले र शंकर सिंह चैसिरले सिकाइको सर्वव्यापी ढाँचामा (UDL) पाठ योजना बनाउने, लचिलो मूल्याङ्कन विधि, बहु-इन्द्रिय शिक्षण सिकाइ सामग्री (TLM) विकास लगायतका बिषयमा प्रस्तुतीकरण गर्नुभएको थियो। सहभागीहरूले समावेशी शिक्षाका अवरोध र समाधानका उपायहरूवारे समूह कार्य र प्रस्तुतीकरण गरेका थिए। तालिममा सहभागी शिक्षकहरूले विद्यार्थीलाई विद्यालयको प्रणालीमा अनुकूलन गराउनु भन्दा पनि विद्यार्थीको आवश्यकता अनुसार

विद्यालयको प्रणालीमा सुधार ल्याउनुपर्ने जनाएका छन् । सहभागीहरुले तालिमबाट विद्यालयमा समावेशी अभ्यासहरू कार्यान्वयन गर्न आत्मविश्वास बढेको बताएका थिए ।

### ३. समाज कल्याण परिषदबाट समावेशी शिक्षा परियोजनाको मुल्यांकन सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपालले चितवनको भरतपुर महानगरपालिका र कालिका नगरपालिकामा जटिल तथा बहु-अपाङ्गता भएका बालबालिकाका लागि घरमा आधारित शिक्षा, स्रोत कक्षा सञ्चालन, उपयुक्त अनुकुलनता, पोषण सहित स्वास्थ्यमा पहुचँका लागि सञ्चालन गरेको समावेशी शिक्षा परियोजनाको मुल्यांकनका लागि समाज कल्याण परिषदले गठन गरेको टोलीले मुल्यांकन भ्रमण सम्पन्न गरेको छ । मुल्यांकन टोलिले श्रवणदृष्टि विहीनता तथा बहु-अपाङ्गता भएका बालबालिकाको शिक्षा र स्वास्थ्यमा पहुँचमा परियोजनाको उपलब्धि लगायतका समग्र मुल्यांकन गरी प्रतिवेदन समाज कल्याण परिषदमा प्रतिवेदन पेस गरेको छ ।



*चितवन शाखाको कार्यरत कर्मचारीहरु माझ*

उक्त मुल्यांकन प्रतिवेदनमा भरतपुर महानगरपालिका र कालिका नगरपालिकामा संचालित २ वटा स्रोत कक्षा, कार्यात्मक मूल्यांकन केन्द्रहरू, जटिल प्रकारका अपांगता भएका बालबालिकालाई घरमा आधारित शिक्षा, स्वास्थ्य बीमा सेवा, शिक्षकलाई क्षमता अभिवृद्धि तालिम, जीविकोपार्जन सहयोग लगायतका क्षेत्रमा हासिल भएका उपलब्धि समेटिएका छन् । परियोजनाले सम्बन्धित स्थानिय सरकारसँग मिलेर समावेशी शिक्षा रणनीति निर्माण गरी स्थानीय तहको बजेटमार्फत कार्यक्रमलाई संस्थागत गर्दै भविष्यका लागि बलियो र दिगो आधार तयार पारेको छ । उक्त परियोजना अपाङ्गता भएका बालबालिकाका लागि शिक्षामा पहुँच मात्र नभई उनीहरूको समग्र अधिकारमा पहुँच बढाउन उपलब्धिमुलक भएकोले स्थानीय तहबाट बजेट विनियोजन र नीतिगत सुधारमार्फत सामाजिक समावेशीकरणको उत्कृष्ट नमुनाका रूपमा रहेको छ।



*स्रोत कक्षाको मुल्यांकनको क्रममा*

### ४. विभिन्न विषयमा जानकारीमुलक भिडियो निर्माण

राष्ट्रिय बहिरा महासंघ नेपालले बहिरा समुदायको सूचना र सञ्चार पहुँचमा नेपाली साङ्केतिक भाषाको भिडियो निर्माण कार्यलाइ निरन्तरता दिदै आइरहेको छ । बहिरा समुदायका लागि सुचनामुलक, जनचेतनामुलक, उत्प्रेरणामुलक तथा उत्पादनमुलक, सहभागितामुलक भिडियो सामग्रीहरु प्रसारण गरिएको छ। फागुन महिनामा निर्माण गरिएका "प्रतिनिधि सभा सदस्य निर्वाचन-२०८२" जानकारीमुलक केही भिडियो तल हेर्नुहोस्।

१. "प्रतिनिधि सभा सदस्य निर्वाचन" सम्बन्धी जानकारीमुलक भिडियो यहाँ हेर्नुहोस्।
२. "मतदान गर्दा के-के गर्नु पर्छ?" सम्बन्धी जानकारीमुलक भिडियो यहाँ हेर्नुहोस्।
३. "सचेत बनौँ, सही निर्णय गरौँ!" सम्बन्धी जानकारीमुलक भिडियो यहाँ हेर्नुहोस्।
४. "निर्वाचन आचारसंहिता उल्लंघन नगरौं" सम्बन्धी जानकारीमुलक भिडियो यहाँ हेर्नुहोस्।
५. "योग्य उम्मेदवारलाई भोट गरौं" सम्बन्धी जानकारीमुलक भिडियो यहाँ हेर्नुहोस्।
६. "आफ्नो अधिकार प्रयोग गर्न अवश्य मत दिनुहोस्।" सम्बन्धी जानकारीमुलक भिडियो यहाँ हेर्नुहोस्।

## विविध

### ५. मेची बहिरा संघको अधिवेशन सम्पन्न

मिति २०८२ फाल्गुण ४ गते सम्पन्न मेची बहिरा संघ, झापाको २२ औँ साधारण सभा तथा ९ औँ अधिवेशनबाट अध्यक्ष श्री देवीप्रसाद निरौलाको नेतृत्वमा ९ सदस्य कार्यसमिति निर्वाचित भएको छ। नयाँ कार्यसमितिमा उपाध्यक्ष - गीता श्रेष्ठ, महासचिव - वेदराज आचार्य, सचिव - लक्ष्मी राजवंशी, कोषाध्यक्ष - विमलराज प्रसाई तथा सदस्यहरुमा ओमप्रकाश संग्रौला, अम्बिका निरौला, गोकुल पौडेल र अम्बिका वन निर्वाचित भएका छन्।


*नवनिर्वाचित कार्यसमिति*

**हाम्रा साझेदार संस्थाहरु :-**




**"साङ्केतिक भाषामा सञ्चार गर्न पाउने बहिरा नागरिकको नैसर्गीक अधिकार सुनिश्चित गर्नु सरकारको दायित्व हो ।"**

* समाप्त !!! *

**सचेतनामूलक सूचना सामाग्री :**

